२. **कार्यसमितिको काम, कर्तव्य र अधिकार :-**

(क) संस्थाको उद्देश्य प्राप्तिका लागि यस विधानका अधिनमा रही आवश्यक सबै कार्य गर्ने, गराउने ।

(ख) संस्थाको सम्पूर्ण प्रबन्ध, निरीक्षण तथा नियन्त्रण गर्ने र सामान्य व्यवस्थापन कार्य सम्बन्धी अधिकार प्रयोग गर्ने ।

(ग) संस्था संचालनको लागि आवश्यक नियम, विनियम बनाई साधारणसभाबाट अनुमोदन तथा पारित गराउने ।

(घ) दातृ तथा साझेदारी संस्थाहरूसँग सम्झौता गर्ने ।

(ङ) संस्थाको प्रतिनिधित्व गर्ने, संस्थाका तर्फबाट सम्झौता, लेखापढी र संस्थाको हित संरक्षणको लागि सबै कार्य गर्ने ।

(च) संस्था दर्ता ऐन अन्तर्गतका सम्पूर्ण अख्तियार प्रयोग गर्ने र पालना गर्ने ।

(छ) संस्थाको कोषको सञ्चालन गर्ने ।

(ज) साधारणसभाले पारित गरेको निर्णयहरू, नीति तथा कार्यक्रम, योजनाहरूलाई कार्यान्वयन गर्ने, गराउने ।

(झ) संस्थाको कर्मचारीहरू यस विधान अन्तर्गत बन्ने कर्मचारी विनियमको अधिनमा रही आवश्यक कर्मचारी नियुक्ति गर्ने र तिनीहरूको पारिश्रमिक, सुविधा, सेवाको शर्त तोक्ने तथा निर्धारण गर्ने ।

(ञ) कुनै कारणवश कार्यसमितिको सदस्यको पद रिक्त भएमा बाँकी अवधिका निमित्त कार्यसमितिको बैठकद्वारा मनोनित गरी सो पद पूर्ति गरीनेछ ।

(ट) नियमित रूपमा वार्षिक साधारणसभा बोलाउने र सभामा गत सालको प्रतिवेदन र हिसाबको विवरण पेश गर्ने ।

(ठ) कुनै पदाधिकारी, संयोजक तथा उप-समितिलाई आवश्यकता अनुसार अधिकार प्रदान गर्ने ।

(ड) कार्यसमितिद्वारा दातृ संस्थासँग भएको सम्झौताको कार्यान्वयन गर्ने ।

(ढ) विना सूचना लगातार तीन पटकसम्म कार्यसमितिको बैठकमा अनुपस्थित हुने कार्यसमितिका कुनै पनि पदाधिकारीलाई कार्यसमितिबाट हटाउन सकिनेछ । त्यस्ता पदाधिकारीहरुलाई सफाईको मौका प्रदान गर्ने समय दिईने छ ।

(ण) आवश्यकता अनुसार सल्लाहकारको व्यवस्था गरी नियुक्ति गर्ने ।

(त) कार्यसमितिको निर्वाचन हुने मिति तोकी निर्वाचन समितिको गठन गर्ने र निर्वाचनमा भाग लिन पाउने सदस्यहरुको नामावली निर्वाचन समितिलाई उपलब्ध गराउने ।

(थ) संस्थाको उद्देश्य प्राप्तिका लागि कार्यसमितिले आवश्यकता अनुसार विभिन्न उप- समितिहरू गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिमा दातृ संस्थाका प्रतिनिधि लगायत कार्यसमितिले उपयुक्त सम्झेको अन्य कुनै व्यक्तिलाई पनि समावेश गर्न सक्नेछ ।

(द) संस्थाको तर्फबाट भैपरी आउने मुद्दा मामिलामा फिराद, प्रतिवाद, पुनरावेदन, निवेदनपत्र, मिलापत्र लगायत अन्य सम्पूर्ण काम कार्वाही गर्ने गराउने तथा आफ्नो अधिकार प्रयोग तथा प्रदान गर्ने गराउने ।